हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना
स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।
प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : ११३ पृष्ठ : ४ २०७७ मंसिर ०८ गते सोमबार (Monday 23 November 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# चिकित्सकको लापरवाहीले सुत्केरीको ज्यान गयो

## आक्रोशित मृतकका आफन्तद्वारा अस्पतालमा तोडफोड र प्रदर्शन






**लहान** । चिकित्सकको लापरवाहीले सिरहाको लहान स्थित एक निजी अस्पतालमा शल्यक्रियाका क्रममा सुत्केरी महिलाको मृत्यु भएको छ । चिकित्सकको लापरवाहीले सुत्केरी महिलाको मृत्यु भएको भन्दै आक्रोशित आफन्तले अस्पतालमा तोडफोड समेत गरेका छन् ।

सुखीपुर नगरपालिका–९ बैशाखा मोहनपुर गाउँकी २७ वर्षिया आरती साहको शल्यक्रियाको क्रममा शनिबार मृत्यु भएको थियो । सुत्केरी व्यथाले च्यापेपछि डिभाइन हेल्थ केयर अस्पतालमा शनिबार साँझ ४ बजे भर्ना गरिएको थियो । शल्यक्रिया गर्दा राती ८ बजेतिर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनापछि अस्पतालका सञ्चालक र चिकित्सकहरू फरार भएका छन् । आक्रोशित मृतकका आफन्तहरूले रातिदेखि नै प्रदर्शन गरेका थिए । उनीहरूले लापरवाही गर्ने डाक्टरमाथि कारवाही र क्षतिपूर्तिको माग गरेका छन् ।

आइतबार दिउँसो पीडित परिवारले प्रहरीमा जाहेरी दिएका छन् । शल्यक्रियापछि जन्मिएको बच्चा सकुशल छन् । उनलाई उपचारको लागि सप्तऋषि अस्पतालमा राखिएको छ । अस्पतालका सञ्चालकसमेत रहेका डाक्टर चन्द्रशेखर यादवसहितको टोलीले आरतीको शल्यक्रिया गरेका थिए । 'शल्यक्रिया गरेर छोरी निकालेपछि राति साढे ७ बजेसम्म डाक्टरले बिरामी ठीकै छ भन्दै ढाँढस दिँदै थिए,'मृतकका पति प्रमोद साहले भने, 'केही समयपछि सबै डाक्टर बिरामीलाई छाडेर एक/एक गरी भाग्यो । हामीलाई बिरामीको अवस्थापनि सुनाएनन् । आफैले हेर्न जाँदा मृत्यु भएको भेटियो ।'

अस्पतालको तेस्रो तल्लामा शल्यक्रिया कक्ष छ । तर, त्यहाँ सुविधा छैन् । तापक्रम सन्तुलन गर्ने उपकरण छैन् । अक्सिजनपनि छैन् । 'छोरीलाई अर्को अस्पतालमा एम्बुलेन्समा राखेर लग्दैं थियौं । तर, एम्बुलेन्स चालकले यहाँ राम्रो हुन्छ भनेर ल्यायौं,' मृतकका बाबु परशुराम साहले भने, 'यहाँउपचार राम्रो पाएन । डाक्टरले लापरबाही गर्दा छोरीको ज्यान गयो ।'

### घटना भएपछि सामसुम हुन्छ, कारवाही हुँदैन

डिभाइनमा मात्रै होइन्, अनुमति नलिई यहाँका दर्जनौं निजी अस्पताल र पोलिक्लिनिकले सुत्केरीको शल्यक्रिया गर्छन् । सुत्केरीको मृत्युपछि रकम चलखेल गरेर घटना दबाउँछन । कारवाही हुँदैन् ।

गतअसार ४ लहान नगरपालिका– १ स्थित लीलामदन पिसी एन्ड प्रसूति गृहमा भगवानपुर गाउँपालिका–२ गम्हरियाकी करिब २२ वर्षीया १० दिने सुत्केरी मौसम खातुनको मृत्यु भएको थियो । त्यो घटनामा पनि कुनै कारवाही भएनन् ।

यहाँका निजी स्वास्थ्य संस्थामा पैसामा घटना मिलाउने गरेको अधिकारकर्मी राजकुमार राउतको आरोप छ । 'घटना हुन्छ । पीडितलाई पैसामा मिलाउँछ । दोषी उम्किन्छ,' उनले भने, 'यस्तो प्रवृतिले अपराध गर्नेहरूको मनोबल घटनुको साट्टो बढ्दै गएको छ ।'

उपचारको क्रममा लापरवाही देखिए इलाज सम्बन्धी कसुरमा कानुनी कारवाही अगाडी बढाउन मिल्ने एक कानुन व्यवसायीले बताए । तर, यहाँ घटनाको अनुसन्धान नहुने गरेको उनले सुनाए । 'पीडित परिवारको जाहेरीको बखेडा प्रहरीले झिक्छ, जाहेरीको दिएको घटनामा पनि अनुसन्धान र कारवाही भएको छैन्,'उनले भने,'नियमनकारी निकायको सन्देहपूर्ण मौनताले यस्तो घटना बारम्बार दोहोरिने गरेको छ ।'

# कोरोनाबाट जनस्वास्थ्य अधिकृतको मृत्यु

**लहान** । नोबेल मेडिकल कलेज विराटनगरमा उपचाररत एकजना जनस्वास्थ्य अधिकृतको शनिबार कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

सप्तरीको राजविराज नगरपालिका–२ घर भएका जनस्वास्थ्य अधिकृत गौरीशंकर देवको शनिबार मृत्यु भएको हो । ५७ वर्षीय देव सिरहाको कल्याणपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख थिए ।

नोबेल मेडिकल कलेजका प्रबन्धक नारायण दाहालका अनुसार 'कोरोना रिपोर्ट नेगेटिभ आएको छ । तर क्लिनिकल्ली कोरोना डेथ भनिएको छ ।'

दुई साताअघि कोरोना पोजेटिभ देखिएपछि उनी विराटनगरको नोबेल अस्पतालमा उपचार गराइरहेका थिए । उपचारकै क्रममा शनिबार राति उनको मृत्यु भएको प्रदेश २ स्थित सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

# सामा चकेवाको मूर्तिले धानेको जीवन





**लहान** । तराई मधेसमा कात्तिक पूर्णिमासम्म मनाइने समाचकेवा पर्वको जति रौनक छ त्यति नै समाचकेवाको लागि बनाइएको स–साना मूर्तिको बेचविखन बढ्दो छ ।

मैथिली संस्कृति अन्तर्गत चेलिबेटिहरूद्वारा हरेक वर्ष मनाइने लोकपर्व 'सामा–चकेवा' को सुरूवातसँगै सिरहाको ग्रामीण क्षेत्रमा दाजुभाई र दिदीबहिनी बीच प्रेम र स्नेह झल्किने परम्परागत सामाचकेवा गीत गुन्जिन थालेको छ ।

खासगरी तराई क्षेत्रका सम्पूर्ण भू–भागमा हर्षोल्लासका साथ धुमधामसँग मनाईने पौराणिक लोकपर्व 'सामा–चकेवा'लाई मिथिलाञ्चलका चेलिबेटीले महापर्वको रूपमा लिन्छन् । 'सामा–चकेवा' बहिनी र भाईको आपसी प्रेम,स्नेह र सदभावमा आधारित पर्व हो । हरेक वर्ष छठ पर्वको एक दिन पहिले कात्तिक पञ्चमीदेखि कात्तिक पूर्णिमासम्म नियमित एघारौं दिनसम्म दिदी बहिनीहरूले आफना दाजुभाईको लामो आयू, सु–स्वास्थ्य र प्रगतिको कामना गर्दै मनाउँने चलन छ । राति खाना खाईसकेर एउटा बासको चोयाबाट निर्मीत डालोमा सामा(बहिनी), चकेवा(भाई), चुगला(कुरौटे), वृदाबन(झगडिया) र सात भाईको माटाको मुर्ति सजाएर त्यसमा दियो बालि छरछिमेकका महिला एकैठाउँ आँगनमा भेला भएर ध्यानमग्न भई दिदीवहिनीहरूले सुरिलो स्वर घन्काएर यो पर्व मनाउँछन् ।

यो पर्व मनाउन माटाका विभिन्न प्रकारका मानव, चरा र

बाँकी ३ पेजमा







फ्रेन्डस मोडल हस्पिटल, लहान ४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## कृषिजन्य प्रविधी र उपकरणमा जोड दिऔं

**पछिल्लो समय कृषिमा भित्रँदै गएको आधुनिक प्रविधीले दिन प्रतिदिन किसानको जनजीवन सहज बनाउँदै लगेको छ । केहि वर्ष यता धान रोप्ने देखी विउ छर्ने सम्मका मेसीन प्रयोग गर्न पाएका किसान अहिले खोस्टा सहीतको मकै छोडाउने थ्रेसर मेसीन संचालनमा आएपछी खुशी भएका छन् ।**

**धान रोप्ने देखि धान झार्ने थ्रेसरको प्रयोग अझ सहज माध्यम बनेको छ । थ्रेसरको प्रयोगले काम पनि छिटो, खर्च पनि कम समयको बचत, खेताला खोज्नुपर्ने बाध्यता हट्न थालेको किसानको भनाइ छ । थ्रेसर मेसीनले काम गर्दा पैसा र समयको बचत हुने भएकाले थ्रेसर मेशिनतर्फ किसानहरु आकर्षित भएका हुन् । किसानहरुलाई बाली भित्र्याउन चटारो छ । धान काट्न गाउँमा मजदुरको खोजी गर्दा पनि नपाउने अवस्था छ । यदि पाइहालेपनि ज्याला महँगो तिर्नुपर्ने हुन्छ । अन्तत: किसान मेसिनको साहारा लिने निधोमा पुग्छन् । किसानलाई धान बाली लगाउने बेला जति मेहनत गर्छन, त्यति नै मेहनत भित्र्याउन पनि लाग्दछ । काट्न, पेलाउन सबै काममा मजदुर आवश्यक पर्छ । उब्जनी भएको आधी बाली मजदुरकै मजदुरी तिर्नमा सकिन्छ । तर, प्रविधि आएपछि किसानलाई सहज भएको छ । खेतबाट धान भकारीमा राख्दासम्म हप्तौं लाग्थ्यो तर अब प्रविधि आएपछि एकैदिनमै त्यति काम भइरहेको छ । तसर्थ, सरकारले किसानलाई मल र बीउविजनमा सहुलियत गरिदिए खेती गर्न किसानहरु आकर्षित हुन सक्छन् । यतिखेर सिरहाका किसान धान भित्र्याउने चटारोमा छन् । उनीहरुका लागि थ्रेसर मेसीन भरपर्दो साधन बनेको छ । जसले गर्दा फसल भित्र्याउन सहज भएकैंकारण खेतीप्रति मनोबल समेत बढाएको छ ।**

**वैज्ञानिक हिसाबले कृषिलाई रुपान्तरण गरी कृषि उत्पादनलाई बढाउदै देशलाई आत्मनिर्भर बन्न कृषिजन्य प्रविधी तथा उपकरणहरु किसानलाई अनुदानमा उपलब्ध गराउनु आवश्यक छ । निर्वाहमुखी खेतीपाती प्रणालीलाई आधुनिक र बैज्ञानिक बनाउदै किसानको जिवनस्तर उकास्न सरकारले आँफै कृषीजन्य प्रविधी तथा उपकरणहरुको व्यवस्थापन गर्नुपर्दछ ।**

# पालिकाले कसरी बजेट खर्च गर्ने ?

## पालिका बहस

डा. विजयप्रसाद मिश्र



पालिकाहरूमा बजेट धेरै आउने गरेको छ । ती बजेटहरू प्रक्रिया पूरा नगरी खर्चगर्दा बेरूजूको समस्यामा पालिका पर्ने गरेको छ । केही पालिकाहरूमा खर्च प्रक्रियामा होश नपुऱ्याउँदा जनप्रतिनिधि र कर्मचारीहरू नै अख्तियारको फन्दामा पर्ने गरेको पाइन्छ । यस्तो अवस्थामा पालिकाले बजेटहरू खर्च गर्दा के कस्तो प्रक्रिया अपनाउने र जवाफदेही भएर योजना निर्माण प्रक्रियादेखि बजेट विनियोजन, कामको अनुगमन, फजुल खर्च रोक्ने उपायहरू र भुक्तानी दिँदा खरिद प्रक्रियाका लागि बनेका कानुन, नियमावली, निर्देशिकाहरूको अनुशरण गर्ने मामिलामा रत्तिभर पनि नचुक्ने बानीको विकास गर्नका लागि जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाहरूले पालिकाले गर्ने खर्चको प्रक्रियाहरू बुझ्नु आवश्यक भएकोले यो लेख तयार गरिएको हो । नेतालाई जनताले भोट दिएर पाँच बर्षका लागि जनप्रतिनिधिमा चुनेका हुन्छन् । जनताले चुनेको हो भनेर जनताकै हीतमा त गरेको हो नि भनेर प्रक्रिया पूरा नगरी बजेट खर्च गर्न हुन्न । यसले जनप्रतिनिधिको बद्नामी हुन्छ ।

पालिकाहरूले विकासका कामहरू गर्दा भौतिक पूर्वाधार विकास, सेवा सुविधाहरूको सर्वसुलभ वितरण र मानव शसक्तिकरणका कामहरू गर्दछ । यसकालागि पालिकाहरूले गाउँसभा वा नगरसभाले पारित गरेको कानुनको अधिनमा रहेर गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले योजना छनौट, बजेट निर्माण, नीतिगत निर्णय, नतिजाहरूको समीक्षा गर्ने र सूचनाको अधिकतम सार्वजनिकीकरण गर्नु पर्दछ ।

पालिकाले पारदर्शी र व्यवस्थित ढंगले अघि बढ्न सार्वजनिक खरिद नियमावली बनाउनु पर्दछ र सोही नियमावलीको आधारमा खर्च गर्ने तौर तरिका र भएको खर्चको तोकिएको ढाँचामा हरहिसाब राख्ने गर्नु पर्दछ ।

खरिद गर्दा विभिन्न विकल्पहरू अपनाउन सकिन्छ । जस्तो कि बोलपत्र आह्वान, सोझै खरिद, उपभोक्ता समितिलाई सहभागी गराएर गर्ने खरिद वा लाभग्राहीका माध्यमबाट खरिद गराउने प्रक्रियाहरूमध्ये कुनै अपनाउन सकिन्छ । तर त्यो व्यवस्था सार्वजनिक खरिद नियमावलीले भने अनुसार गर्नु पर्दछ ।

पालिकाहरूले खरिद व्यवहार सही ढंगले गरेका छन् भने बेरूजू हुँदैन । सुशासन कायम गर्न, पारदर्शी हुन, बेरूजू रकम नदेखिन र नागरिकको भरोसा जित्नका लागि बजेट निर्माण प्रक्रियादेखि नै पारदर्शी भएर अघि बढ्नु पर्दछ । पालिकाले गर्ने खरिद व्यवहारमा के के कमजोरी छ ? खरिद अभ्यास कस्तो छ ? खरिद प्रक्रियाबारे जनप्रतिनिधिहरूलाई कत्तिको जानकारी छ ? बजेट कार्यान्वयनको कार्ययोजना बनेको छ ? कार्ययोजना भित्र समावेश गर्नु पर्ने निम्न कुरामध्ये कुन कुन समावेश गरिएको छ ? जस्तो : आयोजनाको खरिद प्रक्रिया अवलम्बन गरिएको छ कि छैन ? आयोजनाको संझौता गरिएको छ कि छैन ? आयोजनाका लागि तालिम वा अभिमूखिकरण गरिएको छ कि छैन ? कार्यान्वयन प्रबन्ध कस्तो छ ? अनुगमन र सुपरिवेक्षणका लागि के कस्तो प्रक्रिया अवलम्बन गर्ने भनिएको छ ? सो प्रक्रिया अनुसार नै अनुगमन र सुपरिवेक्षण भइरहेको छ कि छैन ? समीक्षा गर्ने प्रणाली कस्तो बनाइएको छ ? अन्त्यमा आयोजना हस्तान्तरण प्रक्रिया कस्तो तय गरिएको छ ? सो अनुसार नै काम भइसकेका आयोजनाहरूको हस्तान्तरण गरियो या गरिएन ? यस्ता कुराहरूमा सुक्ष्म रूपमा ध्यान दिन सकियो भने विकास प्रक्रिया प्रभावकारी हुन्छ ।

भइ गरिरहेका प्रक्रियाहरूलाई अझ प्रभावकारी बनाउनका लागि त्यसभित्र पनि नयाँ नयाँ तौर तरिकाहरू अपनाउन क्रियाशिल रहनुपर्दछ । तर प्रक्रिया परिवर्तन गर्दा नियमावलीदेखि नै सुधार गर्दै जानु पर्दछ । नियमावलीमा एउटा छ तर आफूलाई कुनै अर्को कुरा राम्रो लाग्यो भनेर फरक तरिका अपनाउनु हुन्न । जनप्रतिनिधि वा कर्मचारीले आफूखुसी प्रक्रिया अपनाउँदा लेखापरीक्षणको बेला फस्ने सम्भावनाहरू बढी हुन्छ ।

सर्वप्रथम फजुल खर्च रोक्न, लागत प्रभावकारिताको नीतिलाई अवलम्बन गरी कम खर्चमा बढी उपलब्धी लिनेगरी कसरी कार्यक्रमहरू गर्ने भन्ने तर्फ विशेष ध्यान दिनु पर्दछ । खर्चहरू प्रभावकारी गराई बढोत्तरी गराइराख्नु पर्दछ । स्थानीय खरिद प्रक्रिया असल अभ्यासमा आधारित गराइराख्नु पर्दछ । खर्च परिचालन, खरिद व्यवस्थापन तर्फ बढी सजगभई चलनचल्तिको खरिद मूल्य के छ ? थोक मूल्यमा कममा पाइन्छ कि ? बजार भाउको बारेमा तोकिएको समयमा कोटेशनहरू संकलन गरेर पालिकालाई विकास कामका लागि चाहिने सामानहरूको खरिद गर्नुभन्दा अगाडी बजार मूल्य बुझेर वास्तविक मूल्यमा खरिद गर्न बिक्रेताहरूसंग सहजिकरण गर्नु पर्दछ । गुणस्तरीय सामान हो कि होइन ? ब्राण्डेड सामान र अन्य सामानको अन्तर बुझेर नक्कली सामान, गुणस्तरहीन कामबाट व्यक्तिगत रूपमा सावधान भएजस्तै संस्थागत रूपमा पनि सावधान हुनु पर्दछ ।

यसका लागि सार्वजनिक खरिद ऐन २०६३ लाई अनुशरण गर्ने वा नेपाल सरकारले बेलाबेलामा खरिद सम्बन्धी बनाएका ऐन, नियमहरूलाई अनुशरण गर्ने तथा संघीय कानुन र प्रान्तीय कानुनहरूसंग नबाझिने गरी पालिकाहरूले आफै सार्वजनिक खरिद गर्ने नियमावलीहरू बनाएर त्यसकै आधारमा खरिद गर्ने बानीको विकास गर्नु आवश्यक हुन्छ । जनप्रतिनिधिहरूले हौसिएर विकासका काम गरेको त हो भनेर मनको भावना अनुसार संस्थागत बजेटहरू चलाउने प्रचलन छ । काम त भएकै हुन्छ तर प्रक्रिया नपुग्दा पछि जनप्रतिनिधिहरूले त्यसरी खर्च गर्न लगाएको रकम बेरूजू हुने गरेको पाइएको छ । यसलाई पालिकाले बेलाबेलामा समीक्षा गरी रोक्नु पर्दछ ।

यति गर्दा गर्दै पनि पालिकाले खर्चलाई मितव्ययी बनाउनका लागि लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन र स्वीकृति गर्ने काममा होशियारी अपनाउनु पर्दछ । बोलपत्रहरू प्रतिस्पर्धाको आधारमा तोकिएका कामगर्ने अनुमति प्राप्तहरूबीच प्रक्रियागत ढंगले गोपनीयता कायम हुने गरी तोकिएको समयमा बुझाइएको बोलपत्रहरूबीच नियमावलीमा व्यवस्था भए अनुसारका कार्यालयका प्रतिनिधिहरूसमेतको उपस्थितिमा बोलपत्र खोल्ने, मूल्याङ्कन गर्ने र स्वीकृत गर्ने प्रक्रिया अवलम्बन गरेको हुनु पर्दछ । त्यसपछि भेरिएसन आदेश जारी गर्ने अधिकारी तोक्नु पर्दछ । यसका लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, खरिद सम्बन्धी नमुना बोलपत्रहरू तयार गर्नेदेखि कामको बीचबीचमा अनुगमन गर्ने, प्राविधिक वा अन्य तोकिएको कर्मचारीको सिफारिसमा भएको कामको आधारमा पेश्की, प्रारम्भिक भुक्तानी, मध्यावधि भुक्तानी,

*बाँकी ४ पेजमा*

## आजको राशिफल

**मेष** :- आज रमाईलो यात्रा रहनेछ । चिताएको कामले तीव्रता लिनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । पुनर्मिलनको योग रहेको छ ।

**वृष** :- आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला । सरकारी निकायबाट सहयोग मिल्नेछ । सफलयात्रा हुनेछ ।

**मिथुन**:- मानसिक चिन्ता बढेपनि श्रमको उचित मुल्यांकन हुनेछ । आफन्तको प्रगतिले मन रमाउनेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ ।

**कर्कट** :- आज अनावश्यक तथा सौन्दर्यतामा धन खर्च हुनेछ । साना-तिना समस्यामा अल्झिनुपर्नेछ । परिवारीक समस्याले सताउनेछ ।

**सिंह**:- वित्तिय संस्थाबाट सहयोग पाईनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । दिनको उत्तरार्धमा मन पर्ने व्यक्तिसँग भेटघाटपनि हुनेछ ।

**कन्या** :- आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । शुभकार्यको चर्चा चल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**तुला** :- विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**वृश्चिक** :- आज वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**धनु** :- साहित्य तथा संगीतमा रूचि बढनेछ । मनोरञ्जन क्षेत्रमा गरेको लगानीबाट श्री: प्राप्ति हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।

**मकर** :- शुभारम्भको चर्चा चल्ने र विभिन्न अवसर आउनाले मन प्रसन्न रहनेछ । अतिथिको रूपमा सत्कार पाइएला । जोश जाँगर र हिम्मतपनि बढ्नेछ ।

**कुम्भ**:- आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । प्रेमीको सहयोग मिल्नेछ ।

**मिन** :- घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । सामान हराउने वा चोरी हुने भयछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive

धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

## विषय : नयाँ भर्ना सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७।०८।०८)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) र धनगढीमाई नगरपालिकाको संयुक्त साझेदारीमा संचालित डिप्लोमा इन योग एण्ड नेचुरोपेथी (Diploma In Yoga and Naturopathy) विषयमा शैक्षिक शत्र २०७७।०७८ मा डीप्लोमा तहको देहायका कोर्षहरुमा नयाँ भर्नाको लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**कार्यक्रमहरु:**

१. तीन वर्षे डिप्लोमा इन योग एण्ड नेचुरोपेथी (Diploma In Yoga and Naturopathy)

**न्यूनतम शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु:**

- डिप्लोमा इन योग एण्ड नेचुरोपेथी (Diploma In Yoga and Naturopathy)को लागि SLC/SEE परीक्षाको अंग्रेजी विषयमा D+ तथा गणित र विज्ञान विषयमा C ग्रेड प्राप्त गरेको।
- SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको लब्धाङ्क तथा चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि १ प्रति।
- हालसालै खिचिएको स्पष्ट मुखाकृति देखिने एम.आर.पी. साईजको रंगिन फोटो २ प्रति।
- नेपाली नागरिकता वा जन्मदर्ताको प्रतिलिपि १ प्रति।

**भर्ना कार्यक्रमहरु:**

- आवेदन शुल्क रु. ८००।-
- **आवेदन फाराम पाईने र बुझाउने स्थानः** धनगढीमाई नगरपालिका, धनगढी।
- **आवेदन फाराम वितरण मितिः** २०७७ मंसिर ८ गते देखि मंसिर १५ गते सम्म।
- विस्तृत जानकारीको लागि सम्बन्धित कार्यालय अफिस समयमा सम्पर्क राखी जानकारी लिन सकिने छ।

शिवराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

*"समृद्ध धनगढीमाई नगरपालिका हाम्रो शान, पूर्ण सरसफाईयुक्त नगरपालिका हाम्रो अभियान"*

# सामा...

जनावर लगायतका मूर्ति बनाएर कात्तिक पूर्णिमाको मध्य रात्रीमा विशेष पूजापाठ गर्नुपर्ने हुन्छ । काँचो माटोले बनाइएका यस्ता मूर्तिलाई 'समा' र त्यही समालाई आगोमा पकाएमा त्यसलाई 'चकेवा' भन्ने गरिएको छ ।

माटो निर्मित ती सबै पात्र अहिले सिरहाको बजार बजारमा बिक्री गर्न राखिएका छन् । यस्ता मूर्तिहरू बिक्री गरेर कोही कोहीले वर्षैभरीको जोहो समेत टार्ने गरेका छन् । दिनभरी माटोबाट सामा चकेवाको मूर्ति बिक्री गर्दै आएकी सिरहा भगवानपुर गाउँपालिका-१ की १५ वर्षीया चाँदनी पण्डित रातमा आफैले बनाएको मूर्ति बोकेर साथीसंगीसँग सामाचकेवामा सामेल हुन्छिन् ।

'अहिले गाउँ गाउँमा माटोबाट निर्मित सामाचकेवाको स-साना मूर्तिको माग बढ्दो छ' उनले भनिन् 'समाचकेवाका लागि चाहिने सामग्री बिक्री गरेर एक वर्षभरी आफ्नो पढाई खर्च र दुई भाईको वर्षभरी पढने खर्चको जोहो गर्छु ।' चाँदनी भगवानपुर माविमा कक्षा १० मा पढछिन भने उनले मूर्ति बनाएर जेठो भाई परमानन्द र कान्छो भाई दयानन्दलाई बोर्डिङमा पढाइरहेकी छन् ।

मूर्ति बनाउन उनकी आमा सरस्वती पण्डितले सघाउँछिन् । १० कठामात्र जग्गा जमिन रहेका चाँदनीका बुवा शोभाकान्त पण्डित दिल्लीमा मजदुरी गर्छन । बुबाको एक्लो कमाईले घरखर्च धान्न समस्या भएपछि आफू र भाईहरूको शिक्षाका लागि सानैदेखि माटोको काम गर्न थालेको उनले सुनाइन ।

'गएको शनिबारदेखि नै सामा चकेवाको माटोका सामग्री लिएर विभिन्न हाटबजार धाइरहेका छौं' खयरबोना हाटमा मूर्ति बेचिरहेकी चाँदनीले भनिन् 'भगवानपुर, लहान र सखुवानानकरकट्टी गरी तीन वटा हाटमा अहिलेसम्म करिब २५ हजार बराबरको माटोका सामग्री बिक्री गरिसकेको छु ।'

एउटा सानो खाले मूर्तिलाई ४० देखि ६० रूपियाँमा बिक्री गरिन्छ । समाचकेवासूग सम्बन्धित सम्पूर्ण मूर्ति सम्मिलित एक सेटलाई पाँच सयसम्म पर्छ । मूर्तिका साथै मूर्तिहरूलाई राख्न बाँसको ढाकी र डाली पनि यस पर्वमा बिक्री हुने गर्दछ ।

चाँदनी मात्रै होइन माटोको मूर्ति बनाएरै सिरहा इटहर्वाका १९ वर्षीय दशरथ यादवले पढाई खर्च जोहो गर्छन । महादेव लगायत विभिन्न भगवानका मूर्ति बनाएर उनी लहानस्थित प्राविधिक शिक्षालयमा पढिरहेका छन् । एउटा पूर्ण कदको मूर्ति बनाउँदा खर्च कटाएर २५ सय सम्म आम्दानी लिने गरेको उनले सुनाए । जग्गा जमीनको नाममा १४ कठामात्र रहेकाले बुबा निर्धन यादवबाट मूर्ति बनाउन सिकेको दशरथले बताए । 'बुबा पनि यही मूर्ति बनाएर घर खर्च चलाउनुहुन्छ' उनले भने 'मेरो कमाई पढाईमा खर्च गर्न पाएको छु, जसरीपनि शिक्षा लिनु पर्छ नै ।'

मिथिला संस्कृति अन्तर्गतका यस्ता चाडपर्व सहरमा भन्दा ग्रामीण बजारमा धुमधामका साथ मनाइने भएको हुनाले यस्ता चाडपर्वमा चाहिने सामग्रीको विक्री वितरण पनि ग्रामीण बजारमै हुने गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६०११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६०१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# सामा–चकेवा पर्वको पौराणिक कथा र महत्व

**सा**मा चकेवा दिदी–बहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्व हो । यो पर्व द्वितीया तिथिदेखि पूणिर्मा तिथिसम्म मनाइन्छ । सो पर्वकालागि द्वितीया तिथिका दिन दिदी–बहिनीले सामा चकेवा पर्वकालागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरूको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन छ ।

मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इंगित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् ।

संस्कृतिविद् रामभरोस कापडि मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवित रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको सामा चकेवा पर्व विशिष्ट सांस्कृतिक सम्पदा भएको बताउँछन् । उनका अनुसार दाजुभाइ दिदी–बहिनीको प्रेमको मुख्य आधार भएको यस पर्वले भाइ–बहिनी र पति–पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ ।

**के छ सामा चकेवामा?**

सामा स्त्री पात्र र चकेवा पुरूष पात्र हुन् । दुइटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ । त्यस्तै अन्य पात्रपनि माटोकै बनाइन्छ । सामा चकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला भन्ने पात्रलाई गालीदिने खालका गीत गाएर बहिनी मनोरञ्जन गर्दछन् ।

छठको खरना वा पारणदेखि माटोको आकृति बनाइ राति एउटा ढक्कीमा राखी दीपावली घरबाट बाहिर अन्य साथी मिलेर गीत गाउँदै चौरमा गइ यो पर्व मनाउने गर्दछन् ।

परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलनपनि छ । चौरमा सबै महिला आ–आफ्नो डाला एक ठाउँमा राखी चारैतिर वृत्ताकारमा बस्दछन् । यस पर्वमा पति पत्नीका बारेमा चुक्ली लगाउने छुल्याहा चुगला भन्ने पात्रको जुँगाको प्रतीक जुटलाई डढाउने काम हुन्छ । यो क्रम पूर्णिमासम्म चल्ने गरेको पाइन्छ ।

यसमा सामा चकेवा लगायत चुगला, ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझीकुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावन लगायतका पात्र हुन्छन् ।

सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदी–बहिनीले मनोवाञ्छित फलप्राप्तिका कामना गर्दछन् । मूर्तिलाई चलायमान गरी सम्वादको आनन्द उठाउँछिन् । यसमाकुनै बेला वृन्दावनमा आगो लगाउँछिन् र, कुनै बेला चुगलाको मुख आगोले पोल्छिन् ।

डालामा राखिएका सबै माटोका मूर्तिहरु त्यत्ति बेला जीवन्त भएर आउँछन्, जब महिला त्यसलाई पात्रका रूपमाउ भ्याएर गीति सम्वाद बोल्छन् ।

**कथातत्व**

मिथिलामा सामाचकेवाको प्रचलन प्राचीनकालदेखि नै रहेको पाइन्छ । यसको सर्वप्रथम चर्चा पद्रम पुराणमा पाइन्छ । यो पूर्णरूपमा भाइबहिनीको प्रेममा आधारित छ । भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अदभूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसंगको मार्मिक क्षणजस्ता गीति सम्वाद र अभिव्यक्तिको छोटो कथातत्व बोकेको गीति संरचना छ ।

स्कन्द पुराणमा सामा चकेवाको कथा सम्प्रसङ्ग उल्लेख गरिएको छ, जसअनुसार श्यामा (सामा) र चकेवा पति–पत्नी हुन् । श्यामाका पिताकृष्ण छन् भने पति चारूवक्य (चकेवा) । चारूवक्य आश्रममा वस्दथे । श्यामा आफ्ना पतिलाई भेट्न आश्रम गइरहँदा चुगलाले कृष्णकहाँ गइ चुक्ली लगाए । श्यामा कुनै मुनिसँग प्रेम गर्छिन रे ! कृष्ण रिसाएर श्राप दिई चरा बनाइदिए । भाइ शम्बलाई जब यो थाहा भयो, उनी छटपटिन थाले । बुबासँग अनुनय विनय गरे । केही सीपलागेन । अनि तपस्या सुरु गरे । कार्तिक पूर्णिमाका दिन तपस्या पूर्ण भयो र वरदानमा



बहिनी श्यामा (सामा)को पूर्वरूपमा पाए । त्यसैले बहिनीद्वारा भाइका लागि यो पर्व मनाउने गरिन्छ ।

चारूवक्य पत्नी वियोग सहन गर्न नसकेर तपस्याकै भरमा चकेवाका रूपमा चरा हुनपुगे । चरा भएकी पत्नी सामासँग बस्न थाले । त्यसै क्रममा उनीहरूको बास रहेको वृन्दावनमा विरोधीले आगो लगाए । उठीबास गर्न धेरै प्रयत्न गरे तर अन्ततः आफ्नो तपस्या र पराक्रमले उनीहरु पुनः मानवरूपमा अवतरण भएको आख्यान रहेको छ ।

**केहीगीत**

यस पर्वमा मिथिलाञ्चलको पारीवारिक जीवन तथा लोक आस्थाको अटुट सम्बन्ध देखिन्छ । मानवमात्र हैन, घर परिवारमा रहने चरा, झाँझीकुत्ता, वनतित्तर र जंगली जीवनको अदभूत समन्वय रूप देखिन्छ ।

समाज र परिवार जहाँ हुन्छ, त्यहीँ चुक्ली गर्ने, षड्यन्त्र गर्ने चुगला जस्तापात्र हुन्छ । कठपुतली नृत्यको आभास दिने यो पर्वमा डोरीले हैन, हातले सञ्चालन हुन्छन् र महिला सूत्रधारका रूपमा जीवनका गाथालोक धुनको आधारमा गाउँछिन् जसमा अपूर्व र विशिष्ट शैलीको जनजीवनकै उद्वेग प्रवाहित भइरहेको हुन्छ । महिला जब आ–आफ्नो घरबाट डालामा मूर्ति राखी सामा खेल्न चौरतिर निस्किन्छन् तब उनी गाउँछिन् :

*डालाले बहार भेली, बहिनी से पलाँबहिनो*
*फलाँभइया लेल डाला छीन, सुनु गे राम सजनी'।*

भाइ र उनका परिवारजनको मंगल कामनागर्दै गाइने गीतमा जनकपुरधामको चर्चा आउनु महत्वपूर्ण संकेत गर्दछ । यसले जनकपुरको प्राचीनता र समृद्धितिर पनिइंगित गरेको प्रस्ट छ :

*सिरी रे जनकपुरसँ आबि गेल भ्रमरा*
*लागि गेल पनमादुकान'।*

जब चुगलाबारी आउँछ, त्यसलाई बायाँ हातमा समाति त्यसको जुँगा भनी राखिएको सनपाट (जुट)मा दाहिने आगो लगाउँदै निभाउँदै महिला यस प्रकारको गीत गाउँछिन् :

*धान–धान–धान, भइयाकोठीधान*
*चुगलाकोठी भुस्सा'।*

प्रतीकात्मकरूपमा भैयाकोठी धान र चामल भनी भाइको समृद्धिको कामना गरिन्छ भने चुक्ली लगाउने दुष्ट प्रवृत्तिको कोठीमा भुसा र खरानी भएको देखाएर तिरस्कृत र लाञ्छित गर्नै काम गरिएको छ ।

सम्पन्नतासँगै भाइवीर र योद्धा पनि छन् । वृन्दावनमा आगो लाग्दा निभाउने कोही नभएको अवस्थामा बहिनीलाई भाइमाथि विश्वास भएको गीत यसरी गाइन्छ :

*वृन्दावनमे आगिलागै*
*कोइ ने मिझावे हे*
*हमर भैयाफलना भैया*
*दौडि–दौडि मिझाबे हे'।*

सामा चकेवाको विसर्जनको बेलाको गीत मर्मस्पर्शी हुने गरेको छ :

*सामचको, सामचको अइह हे*
*जोतल खेतमे बइसिह हे'।*

पूर्णिमाका दिन सामा चकेवालाई अर्को वर्ष फेरि कूड खेतमा आइ बस्नु है भन्दै सबै माटोका पात्रको विसर्जन गरिने चलन छ ।

## पालिकाले...

अन्तिम बील भुक्तानी, धरौटी रकम फिर्ता जस्ता कुराहरूमा प्रक्रियागत ढंगले अघि बढ्नु पर्दछ । केही ढिलो भएपनि आजको काम भोली आउनु भनेर सरोकारवालाहरूलाई फर्काउने र काममा ढिलासुस्ती गर्दा पालिका नै बदनाम हुने भएकोले नियमित रूपमा कामको प्रक्रिया अगाडी बढाई दिंदा सरोकारवालाहरूले आफ्नो काम भइरहेको छ भन्ने विश्वास जाग्ने र पालिका प्रति, कर्मचारी र जनप्रनिधिहरू प्रति सकारात्मक सोच बढ्दा सिंगो पालिकाको छवि बढ्ने हुन्छ ।

कतिपय अवस्थामा लागत प्रभावकारिता अपनाउँदा समुदायको योगदान, दाता परिवारहरूको अग्रसरता र उनीहरूबाट समेत खर्चमा योगदान गराउने बातावरण छ भने त्यसको बारेमा छलफल, अभिमूखीकरण र अनुरोधका प्रक्रियाहरू अपनाएर भएपनि पालिकाहरू अघि बढ्न सक्दछन् । हेर्दा माथी उल्लेख भएका प्रक्रियाहरू झण्झटिलो लाग्ने देखिए पनि यो प्रक्रियाहरू अवलम्बन गर्दा जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता, लाभग्राही सबैलाई फाइदा हुने र कोही पनि कानुनी झण्झटमा नफस्ने हुन्छ । बेरूजू, भ्रष्टचारको आरोप लाग्ने, काम सम्पन्न नहुँदा मुद्दामामिलामा फसिने, अख्तियार र अदालति कारबाहीमा जानु पर्ने अवस्थाहरूबाट बच्न सकिने भएकोले सबै पालिकाले समयमै सचेत हुनु आवश्यक छ । यी पक्रियाहरू अपनाउँदा सूचनाको हकको प्रत्याभुति गर्न जहिलेपनि तत्पर रहने र कसैले सूचना माग्न आएमा दिने वा माग्न नआएपनि नियमित रूपमा सूचनाहरू पालिकाले सामाजिक सञ्जाल, अनलाइन, मिडियाका विभिन्न माध्यमहरू प्रयोग गरेर सार्वजनिक गरिराख्ने बानीको विकास गर्नु पर्दछ ।

बजेट छ भन्दैमा एकै बर्षमा सम्पन्न हुने कामहरू गरेर प्रत्येक बर्ष त्यसमै खर्च गरिराख्नु पर्ने खालका कामहरू भन्दा दिगो विकास र महत्वपूर्ण विकासका लागि आवधिक आयोजनाहरू तय गरेर आएको पैसाको नागरिकको चाहनाहरूलाई आत्मसाथ गरेर खर्च गर्ने परिपाटीको विकास गर्नु पर्दछ । यसका लागि पालिकाको भौगोलिक परिवेश, जनशक्तिको अवस्था, स्थानीय स्रोत साधानहरूको उपलब्धता र नागरिकको आवश्यकतालाई मध्यनजर राखेर बजेट विनियोजन गर्नु पर्दछ । नागरिकलाई उत्पादनमूखी क्रियाकलापमा संलग्न गराएर आय आर्जनको अवसरहरू सृजना गरिदिने कार्यक्रमहरू संचालन गर्नु आजको आवश्यकता जस्तै भएको छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)